अनुसूची- ५

नेकपा(एमाले)

# वडा-केन्द्रित पार्टी निर्माण अभियान - २०८१

(अवधारणा पत्र)

पृष्ठभूमि

पार्टीको ७५औं स्थापना दिवसको समय पारेर २०८१ बैशाख ८-९ मा आयोजित नेकपा(एमाले)को राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद बैठकले आगामी २५ बर्षभित्र 'समृद्ध नेपाल, सुखी नेपाली'को सपना साकार पार्ने र समाजवादको बलियो आधार निर्माण गर्ने दूरगामी महत्वको सङ्कल्प गरेको थियो । तत्कालका सन्दर्भमा पार्टी 'मिसन-२०८४'मा केन्द्रित हुने, राज्यका तीनवटै तहमा एकल बहुमत हासिल गरेर श्रमजीवी वर्गलाई राज्यसत्ताको केन्द्रीय नेतृत्वमा स्थापित गर्ने, राष्ट्रको आवश्यकता र जनअपेक्षानुरुप काम गर्ने र त्यसपछिका दिनमा निर्विकल्परूपमा नेकपा (एमाले)लाई राष्ट्रिय राजनीतिमा निरन्तर विजयी पार्टीका रुपमा स्थापितगर्ने, त्यसको प्रारम्भ संगठन शुद्धीकरण तथा सुदृढीकरणबाट गर्ने भनिएको थियो । त्यही लामो सोचलाई दृष्टिगतगर्दै पार्टी केन्द्रले २०८१ का लागि निर्णायक राष्ट्रिय शक्ति निर्माणको बार्षिक कार्ययोजना जारी गरेको थियो ।

भर्खरै सम्पन्न केन्द्रीय संगठन विभागद्वारा आयोजित 'स्थानीय तहमा पार्टी कामका समस्या तथा समाधान' बिषयक राष्ट्रिय कार्यशालाले पहिचानगरेका समस्या र निकालेका निस्कर्षहरुलाई समेत ध्यानमा राखेर २०८१को केन्द्रीय बार्षिक कार्ययोजनाका बा"कि काम तिब्र गतिकासाथ कार्यान्वयन गर्ने र मजबुत जगमा खडाभएको कसैले कहिल्यै चुनौतिदिन नसक्ने बलियो नेकपा(एमाले) बनाउनका निमित्तनै स्थानीय स्तरबाटै पार्टी काम र संगठनलाई सबल बनाउन तीन महिना वडा-केन्द्रित पार्टी निर्माण बिशेष अभियान सञ्चालनगर्न प्रस्ताव गरिएको छ ।

क. अभियानको औचित्य

वडा-केन्द्रित पार्टी निर्माण अभियान - २०८१ स्थानीय स्तरमा पार्टीको सबलीकरण, जनतासंग पार्टीको घनिष्टता र 'मिसन चौरासी' लक्षित राष्ट्रिय अभियान हो । पार्टी सदस्य बिस्तारगर्न, फागुन-चैत भित्रै सदस्यता नवीकरणगर्न, पार्टीलाई टोलसम्म संगठनात्मकरुपमा गतिशील बनाउन, पार्टी जीवनको शुद्धीकरणगर्न, भ्रामक प्रचारको प्रतिवादगर्न, पार्टीको नीति र नेतृत्व स्थापितगर्न, कार्यकर्तामा आत्मविश्वास र जनतामा आशा जगाउन, जनताका माग-मुद्धा र समस्यामा अग्रसरतालिएर घर-घर पार्टीलाई पुऱ्याउन, महिला सदस्यता कम्तिमा ३३ प्रतिशत पुऱ्याउन, युवा नेतृत्व विकासगर्न, पार्टीलाई पूर्णतया प्रविधिमैत्री बनाउन, वडासम्म जनसंगठनका कमिटी र सदस्य बिस्तारगर्न अर्थात जगैदेखि पार्टीलाई मजबुत जनाधारित कार्यकर्ता पार्टी बनाउन तीन महिने बिशेष अभियानको आबस्यकता परेको हो ।

यो अभियान वडा तहमा केन्द्रित हुनेछ र यस अभियानबाट वडा मार्फत टोलस्तरका कमिटी सुचारुगर्ने, नयाँ निर्माण गर्ने र नियमितरुपमा जनताको घर-घरसम्म पुग्ने परिपाटी बसाइनेछ।

ख. अभियानको उद्देश्य र अपेक्षित उपलब्धि

यस अभियानको लक्ष्य समृद्ध नेपाल सुखी नेपालीका राष्ट्रिय आकांक्षा पुरागर्नका लागि मजबुत जगमा खडा भएको कसैले कहिल्यै चुनौति दिन नसक्ने बलियो नेकपा(एमाले) बनाउने हो । मुख्य रुपमा यस अभियानका उद्देश्यहरु निम्न रहेका छन् :

१. जग तहमा पार्टी सदस्यता नवीकरण, बिस्तार, संगठन निर्माण र सबलीकरण गर्ने ।

२. आधारभूत तहमा जनसंगठनका कमिटी निर्माण तथा सदस्यता बिस्तार गर्ने ।

३. पार्टी नीति तथा नेतृत्व विरुद्ध फैलाइने सबै प्रकारका भ्रम र राष्ट्रिय निराशा फैलाउने सबैखाले प्रयत्नहरुको सबै तहमा तत्काल  प्रभावकारी प्रतिवाद गर्ने ।

४. पार्टी जीवनको शुद्दीकरण, स्थानीय तहको पार्टी नेतृत्वको क्षमता विकास र जनतामाझ नेतृत्व स्थापित गर्ने ।

यस अभियानबाट भौगोलिक र गैर-भौगोलिक करिब ८ हजार वडा/शाखा तहका कमिटीहरु, टोल तथा प्रारम्भिक कमिटी स्तरका १० हजार भन्दा बढी कमिटीहरुको क्रियाशिलता बढाइ राष्ट्रिय रुपमा ३ लाख भन्दा बढी नेता कार्यकर्ता पार्टी तथा जनसंगठन निर्माण, जनपरिचालन र पार्टी र नेतृत्व विरुद्धका भ्रामक प्रचारको प्रतिवाद गर्न परिचालित हुने अपेक्षा लिइएको छ । विशिष्ट रुपमा यस अभियानबाट निम्न उपलब्धीहरु हाँसिल गर्ने लक्ष्य निर्धारण गरिएको छ :

उद्देश्य १ : जग तहमा पार्टी सदस्यता नवीकरण तथा विस्तार, संगठन निर्माण र सबलीकरण गर्ने अन्तरगत :

- पार्टी जिल्ला कमिटीको निर्णयले २०८२ का लागि योग्य ठहरिएका सबै पार्टी सदस्यहरुले आ-आफ्नो पार्टी सदस्यता २०८१ चैतभित्रै नवीकरण गर्नेछन् । ९० प्रतिशत पार्टी सदस्यहरु अनलाइनमा आउनेछन् ।
- पार्टी सदस्यतामा दुई लाख नयाँ सदस्यहरु थप हुनेछन् ।
- हाल रहेको ७ हजार ५ सय ९ वडा स्तरको कमिटीमा थप ५ सय शाखा तथा वडास्तरका कमिटीहरु गठन हुनेछन् । अधिवेशन बाँकी रहेका सबै वडास्तरका कमिटीहरुको अधिवेशन चैत मसान्तभित्र सम्पन्न हुनेछ ।
- हाल रहेका टोल स्तरका कमिटीमा ५ हजार टोलस्तरका कमिटीहरु थप निर्माण हुनेछन्।

उद्देश्य २ : जनसंगठनका स्थानीय अधिवेशन सबै सम्पन्न हुनेछन् । सम्बन्धित जनसंगठनको विधान बमोजिम वडा तहमा कमिटीहरु बन्नेछन् । सबै जनसंगठनको सदस्यताको अभिलेख व्यबस्थित हुनेछ । हालको संख्यामा कम्तिमा ७ लाख सदस्य थपिनेछन्।

उद्देश्य ३ : पार्टीको नीति र नेतृत्व विरुद्द फैलाइने सबै प्रकारका भ्रम र राष्ट्रिय निराशा फैलाउने सबैखाले प्रयत्नहरुको तत्काल प्रभावकारी प्रतिवाद गर्ने अन्तर्गत :

- सबै पालिकास्तर तथा इलाका स्तरमा सामाजिक सञ्जाल तथा डिजिटल सञ्चार समुह गठन भइ परिचालन हुनेछ ।
- लक्षित ३ महिनाको अवधीमा सामाजिक सञ्जालमा राष्ट्रिय समृद्दी, आशा र जनताप्रति विश्वास जगाउने न्युनतम १ लाख सन्देशहरु प्रवाह हुनेछ ।
- राष्ट्रिय निराशा फैलाउने, पार्टी र नेतृत्व विरुद्द भ्रम फैलाउने सबै खालका प्रचार र षड्यन्त्रका विरुद्द तथ्यमा आधारित प्रभावकारी प्रतिकारमा न्युनतम ५० हजार डेडिकेटेड नेता कार्यकर्ता परिचालन हुनेछन् ।

उद्देश्य ४ : पार्टी जीवनको शुद्दीकरण, स्थानीय तहको पार्टी नेतृत्वको क्षमता विकास र जनतामाझ नेतृत्व स्थापित गर्ने अन्तरगत :

- पार्टी नीति, विचार, दृष्टिकोण, सरकारको काम, योजना र प्रयत्नहरुका बारेमा ५ लाख नेता कार्यकर्ता जानकार र प्रशिक्षित हुनेछन् ।
- जनस्तरमा सामुदायिक सरोकार, जनताका दैनिक समस्या र परेका अ^0ठेराहरुमा स्थानीय पार्टी नेतृत्व र कमिटीबाट समस्या निरुपणका निम्ति पहलकदमी हुनेछ ।
- वडामा बसोबासगर्ने सबै तहका पार्टी तथा जनसंगठनका नेता, पार्टीका तर्फबाट निर्वाचित जनप्रतिनिधि, गत स्थानीय र संसदीय निर्वाचनमा उपविजेता भएका उम्मेदवारहरु, स्थानीय वडा तथा टोलस्तरका कमिटीमा आवद्द समेत २ लाख नेता कार्यकर्ताले न्युनतम १५ लाख घर परिवारमा प्रत्यक्ष भेटघाट, संवाद र पार्टीको सन्देश प्रवाह गर्नेछन् ।
- २०८४ मा मतदाता बन्ने १० लाख युवाहरुमाझ पार्टीको स्थानीय युवा नेतृत्वले विद्यालय, कलेज, समुदाय आधारित संवाद, भेटघाट कार्यक्रम गरी पार्टी सन्देश र प्रभाव विस्तार गर्नेछन् ।
- स्थानीय घर दैलो भेटघाट जन संवाद कार्यक्रमबाट ६० लाख मतदातामाझ पार्टी पंक्ति पुग्नेछ ।

ग. अभियान सञ्चालन प्रक्रिया

यस अभियानलाई तदारुकताका साथ प्रदेश, जिल्ला, निर्वाचन क्षेत्र समन्वय कमिटी, पालिका र वडा तहबाट कार्यान्वयनमा ल्याइनेछ ।

अभियान घोषणाको पहिलो १० दिनभित्र सबै प्रदेश कमिटीले प्रदेश कमिटीका सदस्यहरुलाई तोकिएको पालिका, जनसंगठन तथा जिम्मेवारीको स्पष्ट कार्यादेश, परिणाममा आधारित कार्यसम्पादन- सुचक सहित प्रदेशस्तरीय अभियान कार्यतायलिका निर्माण गरी कार्यान्वयन निर्देशन गर्नेछन् ।

दोस्रो १० दिनभित्र जिल्ला कमिटीले जिल्ला तहबाट तोकिएको वडा/शाखा, जनसंगठन तथा जिम्मेवारीको स्पष्ट कार्यादेश, परिणाममा आधारित कार्यसम्पादन-सुचक सहित जिल्लास्तरीय अभियान कार्यतायलिका निर्माण गरी कार्यान्वयन निर्देशन गर्नेछन् ।

तेस्रो १० दिनको समयमा सबै पालिकास्तरका कमिटीले पालिका/इलाका तहबाट टोल/प्रारम्भिक कमिटी, जनसंगठन, जनप्रतिनिधि, निर्वाचनका उपविजेता उम्मेदवारहरु समेतलाई समावेश गरी कार्यटोली बनाइ स्पष्ट कार्यादेश, परिणाममा आधारित कार्यसम्पादन -सुचक सहित पालिका/इलाका स्तरीय अभियान कार्यतायलिका निर्माण गरी कार्यान्वयन गर्नेछन्।

अभियानको दोस्रो र तेस्रो महिनाभर अभियानका कार्यक्रमहरु मुख्य रुपमा सदस्यता नवीकरण, विस्तार, संगठन निर्माण प्रशिक्षण, अन्तरक्रिया, घर दैलो भेटघाट, जनसंवाद, जनताका समस्या संकलन, सामाजिक सञ्जाल, डिजिटल सञ्चार अभियान सञ्चालन गर्ने ।

जनसंगठनका स्थानीय नेताहरु जनताका माग-मुद्दामा केन्द्रित हुनेछन् र आ-आºनो समुदायमा खोजिने नेताकारुपमा स्थापित हुनेछन् ।

यो अभियान अवधी समापन भएपश्चात पनि सम्बन्धित वडा कमिटीले निरन्तर टोल-बस्तिस्तरका संगठनात्मक, राजनीतिक गतिविधि, घर दैलो र संगठन व्यवस्थापन, सञ्चार अभियान तथा प्रशिक्षण कार्यक्रमहरुलाई अझ सुदृढ बनाउँदै निरन्तरता दिनेछन् ।

घ. अभियानको नेतृत्वपंक्तिका लागि कार्यादेश

१. यो अभियानमा सम्बन्धित भूगोल, गैर-भौगोलिक क्षेत्र र सम्बन्धित जनसंगठनका लागि तोकिनुभएका जिम्मेवार कमरेडहरुनै अभियान्ताको भूमिकामा रहनुहुनेछ । बाहिरबाट कुनै प्रतिनिधि पठाइनेछैन ।
२. अभियानमा सम्बन्धित प्रदेश पार्टी कमिटीका ईन्चार्जको मुख्य कमाण्ड रहनेछ । त्यसैगरी जनसंगठनमा पनि सम्बन्धित जनसंगठनका ईन्चार्जहरुको मुख्य जिम्मेवारी रहनेछ ।
३. जिल्ला ईन्चार्जको संयोजनमा निर्वाचन क्षेत्रका ईन्चार्ज पार्टी केन्द्रीय कमिटीका नेता कमरेडहरुले अभियानको समग्र नेतृत्व गर्नुहुनेछ । अभियानको अभिमुखिकरण तथा प्रशिक्षकहरु प्रशिक्षणगर्ने काम गर्नुहुनेछ ।
४. प्रदेश कमिटीका पदाधिकारीहरुले योजना बमोजिम प्रदेशभरी अभियान चले/नचलेको अनुगमन तथा निर्देशन गर्नुहुनेछ ।
५. प्रदेश कमिटीका सदस्यहरुले आ-आºनो ईन्चार्जसिप रहेको पालिका / जनसंगठनमा अभियानको मुख्य जिम्मेवार भएर नेतृत्व गर्नुहुनेछ ।
६. जिल्ला कमिटीका पदाधिकारीहरुले जिल्लाका सबै वडामा निर्धारित योजना बमोजिम अभियानका गतिविधि भए/नभएको अनुगमन गर्ने र निर्देशन गर्नेछन् । पालिका र वडा तहका प्रशिक्षणहरुको योजना बनाउने र सञ्चालन गर्नेछन् ।

७. जिल्ला कमिटीका सदस्यहरुले आ“फूलाई तोकिएका वडामा / जनसंगठनमा तीन महिने अभियानमा गर्ने भनि सूचिकृत गरिएका कामहरु सम्पन्नगर्न पूर्णकालिन भएर प्रत्येक्ष नेतृत्व गर्नुपर्नेछ ।
८. पालिका कमिटीका पदाधिकारीहरुले टोल कमिटीहरु नियमित सुचारुगर्ने, नया“ टोल कमिटीहरु बनाउने र प्रशिक्षणगर्ने कामको नेतृत्व गर्नेछन् ।
९. पालिका कमिटीका सदस्यहरुले आ“फूलाई तोकिएको टोलमा केन्द्रित भएर अभियानमा गर्नुपर्ने कामहरु सम्पन्नगर्ने छन् ।
१०. वडा कमिटीका पदाधिकारीहरु अभियानमा निर्धारित कामहरु तीन महिनाभित्र सम्पन्नगर्ने कुरामा केन्द्रित हुने र वडा कमिटीका सदस्यहरु आ“फूलाई तोकिएको टोलमा घर-घर पुगेर पार्टीको जनसम्पर्क बिस्तार गर्नेछन् ।
११. टोल कमिटीका पदाधिकारी तथा सदस्यहरुले सदस्यता नवीकरणकासाथै न्युनतम योग्यता पुगेका व्यक्तिहरुलाई नया“ पार्टी सदस्यताका लागि आग्रह गर्नेछन् । आवेदन फर्म भराउनेछन् । सम्बन्धित जनसंगठनको सदस्य बन्न प्रेरित गर्नेछन् । अभियानमा तोकिएका अन्य कामहरु पनि गर्नेछन् ।

ङ. पार्टी कमिटीहरुका लागि कार्यादेश
१. केन्द्रीय कार्यालय - पार्टीको नेतृत्वमा तीन दशक यता भएका महत्वपूर्ण कामहरुको संक्षिप्त विवरण, पार्टी बिरुद्ध फैलाइएका मुख्य-मुख्य भ्रमहरुको व्यबस्थित खण्डन, साइवर हमलाको प्रभावकारी प्रतिवादगर्ने बिषय, संगठन विभागद्वारा आयोजित कार्यशालाका केही निस्कर्षहरु, पार्टीको कार्यदिशा र देशको भविष्यसंग जोडिएका केही बिषयहरु समेटिएको एक पाठ्यसामाग्री तयारपारी जारी गर्नुपर्ने ।

२. प्रदेश कमिटीका लागि कार्यादेश - पौष महिनाभित्रै प्रदेश कमिटीको बैठक राख्ने । अभियानको कार्यसूचिमा केन्द्रित रहेर कार्यान्वयनका लागि मसिनो कार्ययोजना बनाउने । तत्काल टोल तहसम्म पुग्नेगरी परिपत्र जारीगर्ने । सम्बन्धित वडामा स्थायी वा अस्थायी बसोबास गरिरहनुभएका पार्टीका बहालवाला केन्द्रीय सदस्य, पूर्व केन्द्रीय सदस्य, केन्द्रीय निकायका सदस्यहरु, प्रदेश कमिटी तह, जिल्ला कमिटी तह र पालिका कमिटी तहका कमरेडहरु, जनसंगठन र सम्पर्क समन्वय कमिटीका नेताहरुलाई पनि आबस्यकता अनुसार अभियानमा परिचालन गर्नसकिने बारे मातहतका कमिटीलाई निर्देशनगर्ने ।

३. जिल्ला कमिटीका लागि कार्यादेश - माघको पहिलो हप्ताभित्र जिल्ला कमिटीको बैठक आयोजनागर्ने । केन्द्रीय कमिटी र प्रदेश कमिटीबाट आएका निर्देशनहरुको गम्भीर अध्ययनगर्ने । जिल्लाको परिप्रेक्ष्यमा अभियान सञ्चालनको मसिनो योजना बनाउने । बैठककै सन्दर्भ पारेर अभियानबारे अभिमुखीकरण पनि गर्ने । कार्यविभाजनका क्रममा कुनै वडाको ईञ्चार्ज नतोकिएको भए तोक्ने । जनसंगठनको जिम्मेवारी किटान नगरिएको भए गर्ने । सबै वडा ईञ्चार्जहरुले तीन महिना पुरा समय अभियानमा खटिनुपर्ने भएकाले जिल्ला नेतृत्वले आबस्यक खर्चपर्चको प्रबन्धगर्ने । अभियानको पाठ्यसामाग्री टोलसम्म पुग्ने र अध्ययनगर्ने कुराको सुनिश्चितता गर्ने ।

४. निर्वाचन क्षेत्र समन्वय कमिटी - प्रतिनिधीसभा तथा प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटीहरुले वडासम्मै पुगेर अभियानको समन्वय तथा प्रशिक्षणमुलक काममा अगुवाईगर्ने ।

५. पालिका कमिटीका लागि कार्यादेश - केन्द्र, प्रदेश र जिल्लाको निर्देशनलाई आधार मानि माघको दोश्रो हप्ता सम्ममा पालिका कमिटीको बैठक आयोजनागरिसक्ने । अभियानका सन्दर्भमा गर्नुपर्ने कामहरुको एक-एक योजना बनाउने । किटानीकासाथ जिम्मेवारी तोक्ने । बैठककै समय पारेर पालिकास्तरमा अभियानबारे अभिमुखिकरण कार्यक्रमगर्ने ।

५. वडा कमिटीका लागि कार्यादेश - माथिल्ला कमिटीबाट आएका निर्देशनहरुलाई कार्यान्वयन गर्न माघको तेश्रो हप्ता सम्ममा वडा कमिटीको बैठक राख्ने । वडा-केन्द्रित अभियानलाई वडामा पार्टी सुदृढपार्ने एउटा

अवसर प्राप्तभएको रुपमा लिएर वडाका सबै नेता तथा कार्यकर्ता परिचालित हुनेगरी मसिनोगरी कार्ययोजना बनाउने । संकल्पकासाथ निर्धारित सबै कार्यक्रमहरु तीन महिनाभित्र सम्पन्नगर्ने ।

६. गैर-भौगोलिक क्षेत्रका कमिटीका लागि कार्यादेश - उपत्यका बिशेष र सम्पर्क समन्वय कमिटीले पौष महिनाभित्र बैठक राखि शाखा-केन्द्रित अभियानमा गर्नुपर्ने कामहरुको मसिनो कार्ययोजना बनाएर जारीगर्ने । माघको पहिलो हप्ताभित्र जिल्ला कमिटीको बैठक तथा अभिमुखिकरण कार्यक्रमको आयोजना गर्ने । माघको दोश्रो हप्तासम्ममा इलाका तहको बैठक आयोजनागर्ने र तेश्रो हप्तासम्ममा इलाकास्तरका अभिमुखिकरण कार्यक्रम सम्पन्नगर्ने । तीन महिनाभित्र गर्नुपर्ने कामहरु सम्पन्नगर्न प्रतिबद्धभएर जुट्ने । प्रवासमा कार्यरत संघ तथा मञ्चहरुले पनि आ-आ©नो सन्दर्भमा शाखा तहको तीन महिने मसिनो कार्ययोजना बनाएर अभियानलाई तत्काल अघि बढाउनुपर्ने ।

७. जनसंगठनहरुका लागि कार्यादेश - माघको पहिलो हप्तासम्ममा जनसंगठनका केन्द्रीय कमिटीको बैठक बोलाउने । 'जनतासंग जनसंगठन अभियान' को तीन महिने मसिनो कार्ययोजना बनाउने । स्थानीय कमिटीका अधिवेशन/सम्मेलन सम्पन्नगर्ने, आधारभूत तहको पिंधसम्मका कमिटी निर्माण गर्ने, लक्ष्य तोकेर सदस्यता बिस्तार गर्ने, प्रशिक्षणगर्ने तथा समुदायका माग-मुद्धामा पहलकदमीकासाथ सरिकहुने लगायतका कामहरु गर्ने ।

च. अभियानमा गर्नुपर्ने कामको सूचि

१. पार्टी सदस्यता बिस्तार तथा शुद्धीकरणको काम :

- वडामा मतदाता सङ्ख्याको न्युनतम् ३ प्रतिशत पार्टी सदस्य सङ्ख्या पुर्‍याउन ठोस कार्ययोजना र किटानी जिम्मेवारीकासाथ सदस्यता बिस्तारको काम अघि बढाउने । श्रमजीवी वर्ग, दलित, महिला र युवामा सदस्यता बढाउन विशेष ध्यान दिने । अनलाइन आवेदनका लागि प्रेरित गर्ने ।
- पार्टी सदस्यता नवीकरणका बिषयमा माघ महिनामै अभिमुखीकरण गर्ने । फागुन र चैतमा नवीकरणको काम सक्ने । जिल्ला कमिटी बैठकको निर्णयले २०८२ सालका लागि योग्य ठहरिएका सबैको सदस्यता नवीकरण गर्ने । रिपोर्ट अनिवार्यरूपमा अनलाइनमा पठाउने । सम्पूर्ण नवीकृत पार्टी सदस्यलाई आधारभूत बिषयमा प्रशिक्षणगर्ने र कमिटीमा आबद्ध गर्ने ।
- अभियानकैरुपमा सबै सदस्यलाई पार्टीको एप्स मोवाइलमा डाउनलोड गर्न र आफ्नो सदस्यता नम्बर इन गर्न लगाउने । पार्टी एप्सको महत्व बताउने ।
- गैर भौगोलिक जिल्ला कमिटी अन्तर्गत पनि सम्बन्धित क्षेत्रका समुदायका जनताको ६ प्रतिशत संख्या पुर्‍याउनेगरी सदस्यता बृद्धि समयभित्रै नवीकरण तथा सदस्य प्रशिक्षणका कामहरू अघि बढाउने ।
- आफ्नो वडाका/शाखाका सदस्यहरू प्रत्येकको विस्तृत व्यक्तिगत विवरण सङ्कलन गर्ने।
- कुनै सदस्यको सदस्यता नम्वर दोहोरिएको पाइएमा केन्द्रीय संगठन विभागलाई जानकारी गराउने ।

२. कमिटी जीवन सुदृढपार्ने काम :

- विधानको धारा - ७० को व्यवस्था बमोजिम नियमित बैठकको थालनी गर्ने । तीन महिनाभित्र कमसेकम तीन वटा बैठक बसेको हुनुपर्ने ।
- वडा/शाखा कमिटीले आ©नो बार्षिक कार्ययोजना बनाउने । बनिसकेको भए कार्यान्वयनमा जोड दिने ।

- पटक-पटक सम्झाउँदा र सचेत पार्दा पनि पार्टीले दिएको काम पुरा नगर्ने र बैठकमा उपस्थित समेत नहुने निस्क्रिय सदस्यलाई कमिटीबाट विदा दिने । त्यसैगरी वडा/शाखाका अयोग्य र निस्क्रिय सदस्यको पार्टी सदस्यता नवीकरण नगर्ने निर्णयका लागि जिल्ला कमिटीमा लेखी पठाउने ।
- गैर भौगोलिक जिल्ला कमिटी अन्तर्गत पनि शाखा कमिटी केन्द्रित अभियान सञ्चालन गर्ने । आ-आफ्नो ठाउँमा स्पष्ट कार्ययोजनाका साथ कमिटी विस्तार, सदस्यता बृद्धि तथा कार्यकर्ता प्रशिक्षणका कामहरू अघि बढाउने ।
- वडा/शाखा कमिटीभित्र भएका अन्तरविरोधहरूको समाधान गर्ने र पार्टीको आन्तरिक एकतालाई कसिलो बनाउने ।
- वडा/शाखा पार्टी कमिटीका प्रत्येक सदस्यलाई निश्चित घर र मतदाता तोकेर किटानी जिम्मा दिने । मिहिन तवरले नयाँ मानिसहरूका बीचमा जाने । मेहनतपूर्वक सम्झाउने र जनसङ्गठनसँग जोड्दै पार्टी सदस्यता आवेदनका निम्ति प्रेरित गर्ने ।
- वडाभित्र रहनुभएका सम्पूर्ण नेता तथा कार्यकर्ताको रोष्टर बनाएर जिम्मेवारी व्यवस्थापन गर्ने । कुनै समस्या भएमा माथिल्लो कमिटीमा लेखी पठाउने ।
- अन्य समूहमा रहेका असल व्यक्तिहरूको खोजी गर्ने र उनीहरूलाई सही राजनीति बुझाउन पहलकदमी लिने । त्यसैगरी समाजका प्रतिष्ठित व्यक्तिहरुको सूचि बनाएर सहयोगका लागि निरन्तर आग्रहगर्ने ।
- वडा तहसम्म कमिटी बन्नसक्ने जनसंगठनका कमिटी बनाउन वडा पार्टी कमिटीले जिम्मेवारी लिने । जनसङ्गठनको कामलाई प्रभावकारी बनाउने बिषय वडा पार्टी कमिटीमा बैठकको नियमित एजेण्डा बनाउने ।
- भेट्रान सम्मान कार्यक्रम : वडामा बसोवास गर्ने केन्द्र, प्रदेश, जिल्ला र पालिका तहका सल्लाहकार परिषदका सदस्यहरू वा नेतृत्वदायी कमिटीमा बसेर काम गरिसक्नुभएका नेताहरू वडा पार्टीका लागि भेट्रान नेताहरू हुनुहुन्छ । व्यवस्थित कार्यक्रमको आयोजना गरेर उहाँहरूलाई सम्मान गर्ने ।

३. स्थानीय अधिवेशनहरु सम्पन्नगर्ने काम :

- कारणबस पालिका अधिवेशन हुननसकेको अबस्था रहेछ भने तत्काल पालिका अधिवेशन सम्पन्नगर्ने ।
- क्राइटेरिया नपुगेर अधिवेशन हुन नसकेका वडा/शाखामा न्युनतम क्राइटेरिया पुऱ्याउनका लागि योजना बनाएर आवश्यक तयारीगर्ने । कमिटी नै नबनेका वडामा पार्टी सङ्गठन कमिटी बनाउने ।
- न्युनतम क्राइटेरिया पुगेका टोल कमिटीको टोल पार्टी अधिवेशनको आयोजना गर्ने । कमिटी नबनेका टोलहरूमा मसिनो योजनाकासाथ नयाँ टोल सङ्गठन कमिटीहरू बनाउने र नियमित परिचालन गर्ने ।

४. विकास निर्माण तथा जनसरोकारका काम :

- वडाबासी जनताका पीरमर्का र समस्याहरूको पहिचान गर्ने र सूचिकृत गर्ने । समस्या समाधानका निमित्त योजनाबद्ध पहलकदमी लिने ।
- तत्कालका विकास निर्माणका काममा अग्रसरता लिने । भविष्यका लागि वडा समृद्धिको खाका कोर्ने ।
- पार्टीका जनप्रतिनिधि भएका वडामा बा“की अवधीको सदुपयोगगरेर नमुनालायक काम के गर्न सकिन्छ त्यसका बारेमा छलफलगर्ने ।
- एमाले नेतृत्वका वडामा भौतिक विकासका साथसाथै मानवीय विकासमा पनि ध्यानदिएको हुनुपर्ने । सरदरभन्दा राम्रो विकास र सेवा-प्रवाह भएकै हुनुपर्ने । एमालेको नेतृत्व नभएका वडामा पनि जनताले महसुस गर्नेगरी पार्टी कमिटीको हस्तक्षेपकारी भूमिका हुनुपर्ने ।
- नेकपा (एमाले) नेतृत्वको सरकार र पार्टीका जनप्रतिनिधिबाट भएका जनपक्षीय कामहरूको सकारात्मक प्रचार गर्ने । सरकार र जनप्रतिनिधिहरूलाई भरपुर सहयोग गर्ने । नकरात्मक सन्देश जाने गरी सार्वजनिक टिप्पणी नगर्ने ।

- वडाको समग्र विकास / समृद्धिको खाका तयार पार्न अनुभवी तथा बिषयविज्ञहरू सहितको टिम परिचालन गर्ने ।
- वडाका आवश्यक सम्पूर्ण तथ्याङ्कहरू सङ्कलन गर्ने ।
- नेकपा (एमाले)बारे जनता के भन्छन् ? वडा तहमा रहेका विभिन्न संघसंस्थाका प्रतिनिधि, व्यबसायी, सञ्चारकर्मीहरु, अगुवा नागरिक तथा प्रबुद्ध व्यक्तिहरुसंग सार्वजनिक सुनुवाई गर्ने । उहा‘‘हरुबाट आएका रचनात्मक सुझाव सूत्रबद्ध गरी केन्द्रमा पठाउने ।

५. जनतासंग जनसंगठन अभियान सम्बन्धि काम :

- वडा पार्टी कमिटीले जनसङ्गठनका कमिटी निर्माण, सदस्यता विस्तार र कार्यकर्ता प्रशिक्षण लगायतका कामको ठोस लक्ष्य निर्धारण गरेर काम अघि बढाउने ।
- वडामा ठाडो नेतृत्वको मुख हेरेर नबस्ने । सम्बन्धित जनसंगठनको नेतृत्वलाई स्थापितगर्नेगरी तेंसो नेतृत्वलाई प्रभावकारी बनाउने ।
- जनसंगठनको काम वडा पार्टी कमिटीमा बैठकको नियमित एजेण्डा बनाउने । तीन महिनामा वडास्तरीय संरचना बनाइसक्ने ।

६. कार्यकर्ता प्रशिक्षण सम्बन्धि काम :

- केन्द्रीय पार्टी स्कूलको आधारभूत कोर्समा आधारित रहेर वडा तहमा कार्यकर्ता प्रशिक्षण गर्ने । सबै पार्टी सदस्यलाई सहभागि गराई टोलस्तरमा व्यवस्थित प्रशिक्षिण चलाउने । त्यसको लागि तत्काल जिल्ला कमिटी र पालिका कमिटीले प्रशिक्षक प्रशिक्षण कार्यक्रमहरू गर्ने । अध्ययनशील स्वभावका वडाका भेट्रान कमरेडहरूलाई पनि प्रशिक्षण कार्यमा सरिक भैदिन आग्रह गर्ने ।
- प्रत्येक महिना नियमितरूपमा वडा तथा टोल कमिटीका बैठकहरूको आयोजना गर्ने । प्रत्येक बैठकमा उपस्थित मुख्य कमरेडले एउटा बिषयमा संक्षिप्त प्रशिक्षण दिने । लघु-प्रशिक्षण सहितका बैठक गर्ने । कमिटी-प्रशिक्षण प्रणालीको परिपाटी बसाल्ने ।
- गैर-भौगोलिक जिल्ला कमिटी अन्तर्गत पनि शाखा कमिटी केन्द्रित अभियान सञ्चालन गर्ने । आ-आफ्नो ठाउँमा स्पष्ट कार्ययोजनाका साथ कमिटी विस्तार, सदस्यता बृद्धि तथा कार्यकर्ता प्रशिक्षणका कामहरू अघि बढाउने ।
- अन्य राजनीतिक दल र नेकपा(एमाले) बीचको भिन्नता सदस्यहरुलाई राम्रोगरी बुझाउने ।
- कार्यकर्ताको चेतनास्तर मापन गर्न अन्तर-टोलस्तरीय (विचार, राजनीति र कम्युनिष्ट आन्दोलनका बारेमा) हाजिरी जवाफ प्रतियोगिता गर्ने । जिल्लाभरिमा प्रथम, द्बितीय र तृतीय हुने टोललाई आकर्षक पुरस्कारको समेत प्रबन्ध गर्ने । (जिल्लाभर एकै दिन गर्न पनि सकिन्छ ।)

७. साइवर हमलाको प्रतिवादगर्ने काम :

- आ-आफ्नो मोवाइलबाट पार्टीको सकारात्मक प्रचार कार्यमा जुट्न (प्रचारको स्मार्ट शैली अपनाउन) सम्पूर्ण सदस्यलाई अभ्यस्त गराउने । सामाजिक सञ्जालको सही उपयोगको महत्वबारे प्रशिक्षित गर्ने ।
- पार्टीको नीति र नेतृत्वका विरुद्ध भैरहेको घेरावन्दी, षड्यन्त्र र फैलाइएका एक-एक भ्रमहरूको जमेर प्रतिवादगर्ने । तथ्य आधारित तर्कपूर्ण प्रश्नहरू व्यापक गर्ने ।
- लहै-लहैमा लागेर कुनै सदस्यले पार्टीको नीति र नेतृत्वका बारेमा अनास्था जाग्ने कुरा सामाजिक सञ्जालमा पस्कनु अराजकता हुनजान्छ । त्यसलाई वडा तथा टोल कमिटीले गम्भीररुपले लिने र बिषयको गम्भीरताहेरी कार्वाहीको बिषय बनाउने ।
- साइवर हमलाको सशक्त र प्रभावकारी प्रतिवादका लागि सदस्यहरुलाई सम्पूर्णरुपले अनलाइनमा लैजानु आबस्यक छ । तसर्थ नवीकृत सदस्यहरुको अनलाइन अभिलेखिकरणमा जोडदिने ।

८. पार्टी कार्यालयसंग सम्बन्धित काम :

- वडा पार्टी कार्यालय खोल्ने / व्यवस्थित बनाउने / नियमित सञ्चालन गर्ने ।
- वडा कार्यालय सञ्चालनका निमित्त नियमित आर्थिक स्रोत जुटाउने ( सदस्यता शुल्कको दश प्रतिशत वडामै राख्ने । अन्य स्रोतको सम्भावना खोज्ने)

९. युवा नेतृत्व विकासको काम :

- प्रत्येक वडामा सम्भावना बोकेका कम्तिमा १५ जना युवाहरूको रोष्टर बनाउने (सूचि तयार पार्ने) र नेतृत्व विकासको लागि विशेष प्रशिक्षण आरम्भ गर्ने ।
- विदेश गएका पार्टी समर्थक युवाहरूको विवरण सहितको लगत लिने र पार्टीको केन्द्रीय सङ्गठन विभागमा पठाउने । प्रवासमा रहेका नेपालीहरुसंग योजनाबद्धरुपमा वडा/शाखा पार्टी कमिटी जोडिने ।
- निर्वाचन बुथ केन्द्रित सुरक्षा-प्रबन्धको अग्रिम तयारी थाल्ने । प्रत्येक बुथका लागि सम्भाव्य २५ जना युवाहरूको खोजी गर्ने ।

१०. वडाको राजनीतिक शक्ति-सन्तुलन बस्तुनिष्ट ढङ्गले आँकलन गर्ने ।

छ. अनुगमन

जिल्ला ईञ्चार्जको नेतृत्वमा निर्वाचन क्षेत्रका ईञ्चार्जहरु र पालिका कमिटीका ईञ्चार्ज कमरेडहरुले समन्वायत्मकरुपमा यो अभियानको अनुगमन गर्नुहुनेछ । त्यसैगरी गैर-भौगोलिक क्षेत्र र जनसंगठन तर्फ पार्टीका केन्द्रीय सदस्यहरुले अनुगमन गर्नुहुनेछ ।

ज. अभियानको अवधि

२०८१ माघ देखि चैतसम्म सञ्चालन गरिने वडा-केन्द्रित पार्टी निर्माण अभियानको औपचारिक आरम्भ माघ १ गते गर्ने । र, पार्टी स्थापन दिवस बैशाख ९ गते बिशेष कार्यक्रमकासाथ अभियान समापन भएको घोषणागर्ने ।

झ. प्रतिवेदन

- २०८२ बैशाख ५ गतेसम्म वडा कमिटीले तीन महिने अभियानको आफ्नो प्रतिवेदन जिल्ला कमिटीमा पठाइसक्ने ।
- जिल्ला कमिटीले समग्र समीक्षा प्रतिवेदन बैशाख १५ भित्र प्रदेश कमिटीमा पठाइसक्ने ।
- प्रदेश कमिटीले बैशाख ३० गतेसम्म समीक्षा सहितको प्रतिवेदन केन्द्रीय सचिवालयमा पठाउने ।
- अभियानमा संलग्न केन्द्रीय कमिटीका नेता कमरेडहरुले बैशाख १५ भित्र सिधै केन्द्रीय सचिवालयमा आफ्नो प्रतिवेदन पठाउने ।
- २०८२ का लागि गरिने पार्टी सदस्यता नवीकरणको काम चैत मसान्तभित्रै सक्ने । यसपटक जसरी पनि सबै सदस्यलाई अनलाइनमा ल्याउने । नवीकरणको रिर्पोट पनि बैशाख ५ गते भित्र जिल्ला कार्यालयमा संकलन गरिसक्ने । बैशाख १५ गते भित्र प्रदेश कार्यालयमा पठाउने र बैशाख मसान्तभित्र केन्द्रीय संगठन विभागबाट प्रमाणिकरण गरिसक्ने ।

ञ. विविध

- जिल्ला कमिटीले आयोजनागर्ने अभियानको समापन कार्यक्रममा अभियानमा राम्रो कामगर्ने वडा कमिटीहरुलाई सम्मानगर्ने कार्यक्रम राख्ने ।

काशी नाथ अधिकारी

प्रमुख
केन्द्रीय संगठन विभाग